# काठेखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:८ संख्या:३ मिति: २०८१/०९/२९

## <u>भाग-१</u>

## काठेखोला गाउँपालिका

राजु थापा
अध्यक्ष

काठेखोला गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०८१

## काठेखोला गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०८१

प्रस्तावना : काठेखोला गाउँपालिका क्षेत्र भित्रको नदी, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जलीय जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न, जलखोत तथा जलचरमा आश्रित समुदाय बीचको अध्यात्मिक तथा सास्कृतिक अन्तर सम्बन्ध तथा अन्तरनिर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनको प्रबर्धन तथा व्यवस्थापन गरी आम नागरिकको सुविधा र आर्थिक हितको सम्बर्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,काठेखोला गाउँपालिकाको १६ औं गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "काठेखोला गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्पोटक पदार्थ तथा माहाजाल, करेन्ट जाल, बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, लुकाई मार्ने, तिर कोच्ने, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले काठेखोला गाउँ पालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले यस ऐनको दफा १८ बमोजिम स्थापना भएको सामुदायीक जलचर संरक्षण समूहका कोष सम्झनु पर्छ ।

(घ) "जलचारमा आश्रीत समुदाय" भन्नाले नदीनाला ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय सम्झनु पर्छ।

(ङ) "जलस्रोत" भन्नाले ताल, दह, पोखरी, खोला, नदी, खोलानाला, नहर, कूलो, तलाउ, मूल, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिजडा तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनुपर्छ।

(च) "जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनु पर्छ ।

(छ) जलीय जीव भन्नाले जलभित्र रहने वा पाईने जुनसुकै वनस्पति सम्झनु पर्छ ।

(ज) "जलचर संकलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउन, पक्रन, मार्न वा संकलन गर्ने कार्य सम्झनु पर्छ ।

(झ) "जलीय जैविक विविधता" भन्नाले नदी र सिमसार वा तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र

राजु थापा
अध्यक्ष

तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवेशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत भेराइटलर (स्पेसिस) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ट) "दिगो उपयोग" भन्नाले जलचर र जलीय जैविक विविधता एवं जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रुपमा संचिति कायम गर्न सक्ने सीमाभित्र रहने गरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ठ) "गाउँपालिका" भन्नाले काठेखोला गाउँपालिका सम्झनु पर्छ ।

(ड) अध्यक्ष" भन्नाले काठेखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले काठेखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ण) "मत्स्य भन्याङ (फीस ल्याडर)" भन्नाले जलचरको आवागमनको लागि नदी वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(त) "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाती जुन स्थान विषेश वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाती नभई, तिव्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र गुणको कारणले आफनो प्राकृतिक बिगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिक प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाती सम्झनु पर्छ ।

(थ) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायीक नदी वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग तथा माछा तथा अन्य जलचरको विक्रीवितरण, पर्यपर्यटन जस्ता माध्यामबाट प्राप्त लाभको महिला, दलित, आदिवासी जनजाति तथा विपन्न सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(द) "वडा" भन्नाले काठेखोला गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ध) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(न) "समिति" भन्नाले यस ऐनको दफा १५ बमोजिम गठन भएको सामुदायीक जलचर संरक्षण समूहको कार्य समिति सम्झनु पर्छ ।

(प) "सभा" भन्नाले काठेखोला गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(फ) "समूह" भन्नाले सामुदायीक नदी वा तालको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्न दफा १५ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

(ब) "सामुदायीक नदी" भन्नाले सामूहिक हितको लागि नदी, वा खोलानालाको विकास, संरक्षण र दिगो उपयोग गर्न दफा १३ बमोजिम समुदायलाई झिमरुक गाउँपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको नदी, र खोलानाला सम्झनु पर्छ ।

राजु थापा
अध्यक्ष

(भ) "सामुदायीक ताल" भन्नाले सामूहिक हक हितको लागि ताल, तलैया, पोखरी, दह वा सीमसारको विकास, संरक्षण र उपयोग गर्न दफा १३ बमोजिम समुदायलाई सुम्पिएको ताल, तलैया, पोखरी, दह र सीमसार सम्झनु पर्छ ।

(म) "सामुदायीक जलचर संरक्षण समूह" भन्नाले सामुदायीक नदी, खोलानाला, वा ताल, सिमसारको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा १५ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

## परिच्छेद २

## जलचर संरक्षण सम्बन्धी व्यवस्था

३. जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने : (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले नदी वा तालमा कुनै किसिनको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गर्न लगाउन हुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले झिमरुक नदीमा जालको प्रयोग गर्दा जालको आँखाको आकार (साइज) तीन दशमलव पाँच सेन्टिमिटर (पैतिश मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) र सो भन्दा ठूलो प्वाल को जाल, माहाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुँदैन ।

(३) काठेखोला नदी बाहेक अन्य नदी खोला वा नालामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) एकदशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, महाजाल, र करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुँदैन ।

(४) उपदफा (३) मा जुनसुकै करा लेखिएको भए तापनि ढडिया, हवाला, बटुका थाप्ने जस्ता परम्परागत रुपमा प्रयोगमा आएका साधन वा सामग्री प्रयोग गरी माछा सामात्ने वा मार्न सकिने छ ।

(१) जलचर समाउनका लागि घन हान्ने, दुवाली बुज्ने, दुवाली थुन्ने, पटेलो थाप्ने जस्ता तरीका वा माध्यम प्रयोग गर्दा माछाका भूरा र माँउ माछा समेत सवै साईजका माछा र अन्य जलचर मर्न सक्ने गरी वा तिनमा क्षति हुने गरी प्रयोग गर्न हुँदैन तथा रात्रीको समयमा माछा समात्न वा मार्न हुदैन ।

(६) उपदफा (२) र (३) को प्रयोजनका लागि गाउँपालिकाले कुन नदीनाला, ताल, तलैया वा सीमसार क्षेत्रमा कुन कुन प्रजातिका के कस्ता माछा र अन्य जलचर रहेका छन् भनी वैज्ञानिक तरिकाले अभिलेख तयार गर्नु पर्ने छ ।

४. पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्ध : कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल, महाजाल, र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्नु हुँदैन ।

५. जलचर सम्बन्धी अन्य व्यवस्था : (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न नदिनको लागि सम्भव भएसम्म मत्स्य भन्याङ (फीस ल्याडर) निर्माण गर्नु पर्ने छ । मत्स्य भन्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव

राजु थापा
अध्यक्ष

नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर हयाचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्ने छ ।

२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा गाउँपालिकालाई पूर्व जानकारी दिनु पर्ने छ ।

(३) उपदफा (१) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधतता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खा याममा नदी वा तालको न्यूनतम प्रवाहको कम्तिमा पन्धदेखि पच्चिस प्रतिशत न्यूनतम वातावरणीय वहाव (इनभायरोमेन्टल फलो) सुनिश्चत गर्नु पर्ने छ ।

६. मत्स्य भण्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने : अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा राखिएका मत्स्य भन्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

७. नदीर ताल प्रदुषित गराउन नपाइने : कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासन गर्नु पर्ने छ र फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल नदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गर्न गराउन हुदैन ।

८. पालेको माछा, शंखे किरा, झिङ्गे माछा र अन्य जलचर नदी वा तालमा निष्कासन गर्न प्रतिबन्ध

(१) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, खोलानाला/वा सार्वजनिक ताल, तलैया, पोखरी, दह तथा सीमसारमा छाडन वा निष्कासन गर्नु हुँदैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "निष्कासन" भन्नाले माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राखु, जम्मा गर्नु वा कुनै हिसावले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर नदी वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ ।

(२) कुनै व्यत्त, निकाय वा संघ संस्थाले माछा पालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डील साधारणतया कम्तीमा पनि एक दशमलव पाँच मिटर अरलो हुनु पर्ने छ ।

९. कार्यपालिकाले आदेश जारी गर्न सक्ने : (१) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, रितु, महिना वा नदी वा तालमा गाउँपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पु-्याउन नपाउने गरी आदेश जारी गर्न सक्ने छ ।

(२) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदी वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, मार्ने, संकलन गर्ने वा क्षति हुन सक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन सक्ने एवं कुनै ताल वा नदी खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा तथा कायम गर्न सक्ने छ ।

(३) गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाति वा महत्वका जलीय स्तनधारी जीव, घसने प्राणी, ओत, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित तोक्न सक्ने छ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर माछा र अन्य जलचर समात्न, मार्न तथा चोट पु-याउन वा क्षति हुनसक्ने कुनै क्रियाकलाप गर्न निषेध गर्न सक्ने छ ।

राजु थापा
अध्यक्ष

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रकाशित आदेशमा तोकिएका ठाउँ वा नदीनालामा रहेका सम्पूर्ण जलचरका सम्बन्धमा निणर्य गर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

१०. नागरिकको कर्तव्य तथा अधिकार : (१) गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकले यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधिनमा रही जलचर समात्न वा मार्न र जलीय जैविक विविधताका अवयवहरुको दिगो उपयोग गर्ने अधिकार हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ बमोजिम समुदायलाई हस्तान्तरण गरिएको वा सुम्पिएको सामुदायिक नदी क्षेत्र बाहेक अन्य नदी, वा खोलानालामा गाउँपालिकाले शुल्क लिई अन्य नेपाली नागरीकलाई समेत यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधिनमा रही जलचर समात्न वा मार्न वा जलीय जैविक विविधताका अवयवहरुको दिगो उपयोगको सुविधा प्रदान गर्न सक्ने छ ।

(३) जलचर, जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्तव्य हुने छ ।

(४) नदी वा ताल, सिमसारमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर नदी वा ताल, सिमसारमा निष्कासन वा बिसर्जन हुन नदिनु प्रत्येक नागरिकको कर्तव्य हुने छ ।

(५) गाउँपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र जलचरको बिशेष सुरक्षा, संरक्षण एवं संबर्धन गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने छ ।

(६) गाउँपालिकाको अनुमति बेगर र मापदण्ड विपरीत हुने गरी सामुदायिक नदी र सामुदायिक तालबाट ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, निस्कासन गर्नु हुँदैन ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ बमोजिम समुदायलाई हस्तान्तरण गरिएको वा सुम्पिएको सामुदायीक नदी क्षेत्र बाहेक नदीको अन्य क्षेत्र वा भागमा मात्र ढुङगा गिट्टी बालुवाको उत्खनन्, निष्कासनको अनुमति दिन सक्ने छ ।

(८) नदी वा तालमा फोहोरको विर्सजन, फोहरबाट निस्केको दुषित पानी चुहावट (लिचेट), उत्सर्जन वा ढलको विर्सजन हुन नदिई नदी र ताल प्रदुषित हुनबाट बचाउनु प्रत्येक व्यक्ति, समूह, संस्था र निकायको कर्तव्य हुने छ ।

११. स्थानीय नदी वा तालमा कनै व्यक्तिलाई हक प्राप्त नहुने : गाउँपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी प्राप्त गरी वा अरु कुनै प्रकारले अधिकार प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई गाउँपालिकाको क्षेत्रभित्रको नदी, नाला, तथा ताल तलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहलियत प्राप्त हुने छैन ।

१२. हक हस्तान्तरण गर्न नहुने : कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा आफूले पाएको अनुमति, हक छुट, सुविधा, सहलियत, पट्टा वा पूर्जी अरु कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुदैन ।

राजु थापा
अध्यक्ष

## समुदायमा आधारित जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

१३. ताल वा नदी समुदायलाई सुम्पने : (१) कार्यपालिको निर्णय बमोजिम सामुदायीक जलचर संरक्षण समूहलाई विधान बमोजिम ताल वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा नेपाल कानूनले संरक्षित प्रजातिहरु बाहेकका जलीय जैविक विविधताका विभिन्न अवयवहरु, स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर समात्न, मार्न वा संकलन, बिक्री वितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायीक वितरण गर्न पाउने गरी ताल वा नदीको कुनै भाग सामुदायीक ताल वा नदीको रुपमा समूहलाई सुम्पन वा हस्तान्तरण गर्न सक्ने छ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरुलाई परिचालन गरी तोकिए बमोजिम सामुदायीक जलचर संरक्षण समूह गठन गर्न विधान तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्ने छ ।

(३) उपदफा (१) बमोजिम सामुदायीक नदी वा ताल सुम्पदा वा हस्तान्तरण गर्दा प्रमुख प्रशासकीय अधिकृतले सामुदायीक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(४) गाउँपालिका अध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य वा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम सुम्पिइएको वा हस्तान्तरण गरिएको सामुदायीक नदी वा तालको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्ने छ ।

१४. सामुदायिक नदी र तालको निर्धारण : (१) गाउँपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायीक नदी वा तालको रुपमा सुम्पदा वा हस्तान्तरण गर्दा गाँउ वस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समूहहरुको चाहना, व्यवस्थापन क्षमता र परम्परागत उपभोग समेतलाई ध्यान दिनु पर्ने छ ।

(२) समूहको घरधुरी पहिचान देहायका आधारहरुको आधारमा गर्नु पर्ने छ

(क) नदीको सम्बन्धीत क्षेत्रमा आश्रित घरधुरी

(ख) नदीको सम्बन्धीत क्षेत्र परम्परागत रूपमा भोगचलन गर्दै आएका घरधुरी

(ग) नदीको उक्त क्षेत्र पायक पर्ने घरधुरी

(घ) समूहमा समावेश हुने चाहना भएका घरधुरी

(ङ) नदीको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी

(च) नदी व्यवस्थापनमा योगदान दिन सक्ने अन्य विकल्प नभएका टाढाका घरधुरी

(छ) समूहमा समावेश हुने चाहना भएका घरधुरी

१५. सामुदायिक नदी वा ताल सुम्पने र जलचर संरक्षण समूहको गठन तथा दर्ता प्रकृया : (१) कुनै नदी क्षेत्र वा ताललाई सामुदायीक नदी क्षेत्र वा तालको रुपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरुले गाउँपालिकाको कार्यालयमा वडा समितिको सिफारिश समेत लिखित रुपमा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य छिटो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्ने छ ।

राजु थापा
अध्यक्ष

(३) उपदफा (२) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्ने छ । समूहको विधानमा अन्य कुराहरुको अतिरिक्त दफा १६ मा उल्लिखत कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्ने छ ।

(४) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप नदी वा तालको सामुदायीक नदी वा तालका रुपमा समुदायलाई सुम्पिने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक समूह गठन गरी समूहको विधान सहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ गाउँपालिकाको कार्यालयमा समूह दर्ता गराउन समूह भेला गराई उक्त भेलामा उपस्थित सम्पूण घरधुरी का एक एक व्यक्तीको सहिछाप समेत दरखास्त दिनु पर्ने छ ।

(५) उपदफा (४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी, यस ऐन तथा गाउँपालिकाले तोकी दिएको शर्तहरु पालन गर्न कबुलियत गराई अनुसूची- २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्ने छ ।

१६. समूहको विधानमा रहनु पर्ने कुराहरु : समूहले देहायका कुराहरु समावेश गरी सामुदायीक जलचर संरक्षण समूहको विधान तयार गर्नु पर्ने छः

(क) समूहको नाम, ठेगाना, सभूहको उद्देश्य तथा कार्यहरु, सामुदायिक नदीक्षेत्र वा ताल व्यवस्थापनको उद्देश्य;

(ख) प्रस्तावित सामुदायिक नदीक्षेत्र वा तालको विवरण-नाम, सिमाना, क्षेत्रफल, गाउँ र वार्ड नम्बर, नदीक्षेत्र वा तालको अवस्था र किसिम,

(ग) सामुदायिक नदीक्षेत्र वा तालको नक्सा, नदीको क्षेत्र वा भाग विभाजन र यसको विवरण सिमाना, क्षेत्रफल, माछा लगायत अन्य जलचरको किसिम, मुख्य जात एवं प्रजाति, उपयोगी जात र प्रजाति, तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(घ) समूहलाई हस्तान्तरण हुने वा सुम्पिने सामुदायीक नदी क्षेत्र वा ताल क्षेत्रभित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरुको नाम, थर र वतन, पारिवारीक विवरण महिला, पुरुष संख्या,

(ङ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, फझिङ्गै माछा, लगायत अन्य जलीय वनस्पति र जलचर जलीय जैविक विविधताका विभिन्न अवयवहरु, जलीय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र सम्बर्द्धनका अन्य कार्यहरु,

(च) ओत तथा अन्य जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गै माछा, लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुराहरु खेल्ने र हुर्कने ठाउँ, भाग, त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(छ) प्रस्तावित सामुदायिक नदीक्षेत्र, खोलानाला, गहीरो रह क्षेत्र, ताल, तलैया, दह, सीमसारको कुन कुन क्षेत्रमा वर्षभरी जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गै माछा, लगायत अन्य जलीय वनस्पति र जलचर समात्न वा मार्न प्रतिवन्ध लगाउने हो त्यस्ता क्षेत्रको विवरण,

राजु थापा
अध्यक्ष

(ज) दुर्लभ, संकटासन्न, र संकटापन्न प्रजातिका माछा तथा अन्य जलचरहरुको संरक्षण सम्बन्धी प्रावधान,

(झ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरको पारिस्थितिक प्रणलीमा प्रतिकूल असर नपर्ने गरी रुपमा संकलन गर्ने कार्य र दोहन नियन्त्रण गर्न अपनाइने तरिकाहरु,

(ञ) एक वर्षमा कुन कुन महिनामा र कुन कन क्षेत्रमा नेपाल कानूनले वा गाउँपालिकाले संरक्षित तोकेका प्रजातिहरु बाहेकका जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचर संकलन गर्ने हो सो को विवरण,

(ट) हेरालु सम्बन्धी व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैर कानूनी रुपमा संकलन कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था

(ठ) माछा र अन्य जलचरको बिक्री वितरण र जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन एवं अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ड) प्रस्तावित सामुदायीक नदीक्षेत्र वा तालमा एकल महिला, अपाङ्ग, दलित, आदिवासी जनजाति, मधेशी र विपन्तका लागि समन्यायिक पहुँच, दिगो उपयोग र समन्यायिक लाभको बाँडफौट सम्बन्धी प्रावधान,

(ढ) एकल महिला, दलित, आदिवासी जनजाति, मधेशी र विपन्न घरधुरीलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(ण) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्य समाप्ति सम्बन्धी व्यवस्था,

(त) समूहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(थ) साधारणसभा तथा विशेष साधारण सभा, साधारण सभाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(द) कार्य समितिको गठन, कार्य समितिका अध्यक्ष पदहरुमा महिलाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(ध) कार्य समितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार,

(न) कार्य समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(प) दफा ३२ बमोजिम सदस्यहरुलाई हुन सक्ने सजाय सम्बन्धी व्यवस्था,

(फ) विधान विपरित काम गर्ने समूहका सदस्यहरुलाई दिईने सजायहरु र समूहका सदस्यहरुलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि,

(ब) गाउँपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

१७. समानुपातिक समावेशिता तथा समन्याय कायम गर्नु पर्ने : (१) समूहका सदस्यमा कम्तिमा एकाउन्न प्रतिशत महिला, दलित, आदिवासी जनजाति, मधेशी, धार्मिक अल्पसंख्यक तथा विपन्न वर्गका सदस्य हुनु पर्ने छ ।

(२) कार्य समितिका सदस्य मध्ये कम्तिमा चार सदस्य महिला, दलित वा जनजाति समुदायबाट हुनु पर्ने छ ।

(३) कार्य समितिको अध्यक्ष, सचिव, र कोषाध्यक्ष पद मध्ये कुनै २ प्रमुख पद पदमा महिलाको प्रतिनिधित्व हुनु पर्ने छ ।

राजु थापा
अध्यक्ष

(४) समूहले महिला, दलित, आदिवासी जनजाति, मधेशी, धार्मिक अल्पसंख्यक तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा जलीय श्रोत र जलचरमा समन्यायिक पहुँच र वितरण सुनिश्चित गर्नका लागि समूहका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा विपन्न सदस्यलाई जलीय श्रोत र जलचरमा अन्य सदस्य भन्दा कम्तिमा पचास प्रतिशत बढी पहुँच र सो को व्यवस्थापनबाट प्राप्त लाभको चालिस प्रतिशत बढी वितरण गर्नु पर्ने छ ।

स्पष्टीकरण : उप दफा (४) को प्रयोजनको लागि "समन्यायिक पहुच तथा वितरण" भन्नाले समूहका सदस्यहरुलाई एक हप्तामा एक दिन माछा समात्न वा मार्न दिने हो भने महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा विपन्न सदस्यलाई दुई हप्तामा तिन पटक माछा संकलन गर्न वा मार्न दिने सम्झनु पर्छ । समूहले वितरण गर्ने लाभको सम्बन्धमा समेत सोही अनुरुप समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने समेत सम्झनु पर्छ ।

१८. सामुदायिक जलचर संरक्षण समूह संगठित संस्था हुने : (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने छ ।

(२) समूहको आफनो एउटा छुट्टै छाप हुने छ ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्ने छ ।

(४) समूहले व्यक्ति सरह आफनो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्ने छ ।

१९. प्रतिवेदन दिनु पर्ने : (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सम्वन्धित समूहलाई सुम्पिएको सामुदायिक नदी वा तालको स्थिति समेत खुलाई समूहले आफनो क्रियाकलापको साधारण सभाबाट पारित वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्ययोजना गाउँ गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र कार्ययोजनाको आधारमा गाउँपालिकाको कार्यालयले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्ने छ ।

२०. समूहको कोष : (१) समूहको आफनो एउटा छुट्टै कोष हुने छ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिने छ

(क) सदस्यता शुल्क बाट प्रप्त रकम,

(ख) माछा तथा अन्य जलचरको बिक्री वितरणबाट प्राप्त रकम,

(ग) जलचर र जलीय जैविक विविधतामैत्री उद्यम वा पर्यापर्यटन कार्यक्रम संचालनबाट प्राप्त रकम,

(घ) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(छ) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यकोन रकम वा पुरस्कार,

(ज) जरिबानाबाट प्राप्त रकम,

(झ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

राजु थापा
अध्यक्ष

(४) समूहले जलीय जैविक विविधता एवं सामुदायीक नदी वा तालको विकासको निम्ति खर्च गरी कोषमा बाँकी रहेको रकम साधारण सभाको निर्णय बमोजिम अन्य सार्वजनिक हितको कार्यमा खर्च गर्न सक्ने छ ।

२१. समूहको कोषको संचालन : (१) समूहको कोष र खाता कोषाध्यक्ष एवं कार्य समितिले तोकेको एकजना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन हुने छ ।

(२) समूहको कोषाध्यक्ष पदमा महिला निर्वाचीत नभएको अवस्थामा, उपदफा १ बमोजिम कार्य समितिले एक जना पदाधीकारी तोक्दा महीला पदाधीकारीलाई तोक्नु पर्ने छ ।

(३) समूहको कोषको व्यवस्थापन र खाताको संचालनका लागि गाउँपालिकाले तालिमको ब्यवस्था गर्न सक्ने छ ।

(४) समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण समूहको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुने छ ।

(५) उपदफा (४) बमोजिमको लेखापरीक्षण समूहले आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

(६) प्रमुख प्रशासकीय अधिकृतले खटाएको कर्मचारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्ने छ ।

(७) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

२२. सामुदायीक नदी वा तालको लगत राख्ने : प्रमुख प्रशासकीय अधिकृतले समूहलाई सामुदायीक नदी वा तालको व्यवस्थापन सुम्पिएपछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्ने छ ।

२३. माछा लगायत जलचरको तथ्यांक राख्ने : (१) गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रको नदी, खोलानाला, ताल तलैया, सीमसारमा पाईने जलीय स्तनधारी जीव, घस्रने प्राणी, शांखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचरको विशेषज्ञ मार्फत स्थानीय जानिफकार समेतको संरलनतामा सर्वेक्षण गराई लगत अभिलेख आफ्नो कार्यालयमा राख्नु पर्ने छ ।

(२) उपदफा (१) बोजिम गाउँपालिकाले राख्ने लगत गाउँपालिकाले प्रत्येक तीन बर्षमा अध्यावधिक गर्नुपर्ने छ ।

२४. स्वामित्व हस्तान्तरण नहुने : यस ऐनको दफा १३ बमोजिम कुनै नदी क्षेत्र वा ताल र खोलाक्षेत्र गाउँपालिकाले समूहलाई सामुदायीक नदी वा तालको रुपमा व्यवस्थापन गर्ने काम समूहलाई सुम्पिएको कारणले मात्र नदी वा तालको स्वामित्व कुनै पनि समूहलाई हस्तान्तरण हुने छैन ।

२५. सामुदायीक नदी वा तालमा गर्न नहुने काम : (१) समूहले सामुदायीक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुदैन :-

(क) नदी वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायीक नदी वा तालले चर्चेको जग्गा घितो बन्धकी राख्न वा अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) जलचर संरक्षण ऐन, २०१७ विपरित जलचर पक्रन वा मार्न वा अन्य कार्य गर्न,

(ग) प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(घ) नदीको सनातन बहावको धार परिवर्तन गर्न,

(ङ) भू-क्षय हुने कुनै काम गर्न,

राजु थापा
अध्यक्ष

(च) गाउँपालिकाको अनुमति बेगर माटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(छ) जलीय जैविक विविधताको बासस्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा हास आउने अन्य कुनै काम गर्न,

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु ।

२६. जलचरको संकलन तथा बिक्री वितरण : (१) समूहले विधानमा व्यवस्था भए बमोजिम मात्र माछा र अन्य जलचर संकलन तथा बिक्री वितरण गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम माछा लगायत अन्य जलचर संकलन गर्ने कार्यका साथ साथै उक्त नदीक्षेत्र वा ताल क्षेत्रमा समूहले संरक्षण, पुनरुत्थान, र स्तरोन्नतीका कार्य समेत गर्नु पर्ने छ ।

२७. सदस्यता शुल्क तथा सेवा शुल्क निर्धारण गर्दा ध्यान दिनुपर्ने : (१) सदस्यता शुल्क निर्धारण गर्दा समूहका एकल महिला, दलित, आदीबासी जनजाती तथा विपन्न सदस्यले बेहोर्न सक्ने मनासिव रकम मात्र तोक्नुपर्ने छ ।

(२) समूहले सेवा शुल्क निर्धारण गर्दा समूहका सदस्यले माछा संकलन गर्दा प्रत्येक सदस्यले संकलन गरेको माछाको बजार मूल्यको कम्तीमा २ प्रतिशत र बढीमा ४५ प्रतिशतसम्म सेवा शुल्क निर्धारण गर्न पर्ने छ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरेको सेवा शुल्क प्रत्यक सदस्यले भुक्तान गरेपछि मात्र नीजले संकलन गरेको माछा बिक्री वितरण गर्न सक्ने छ ।

२८. विधानमा संशोधन : (१) समूहले सामुदायीक जलचर व्यवस्थापन सम्बन्धी विधानमा समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णय बमोजिम आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्ने छ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुने छ ।

(२) उपदफा (१) बमोजिम समूहले विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर बातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुने छ ।

२९. नविकरण गराउनु पर्ने : (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गाउँ पालिकाको कार्यालयमा समूहको नविकरण गराउनु पर्ने छ ।

३०. सामुदायिक नदी वा ताल फिर्ता लिन सकिने : (१) दफा १३ बमोजिम सुम्पिएको सामुदायीक नदी वा तालमा समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर, जलीय जैविक विविधता वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन गाउँ गाउँपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायीक नदी वा ताल फिर्ता लिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायीक नदी वा ताल फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो समूहलाई आफनो सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेमा सफाई सन्तोषजनक पाइएका समूहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र समूहको विधानको पूर्णतः पालना गर्ने कागज गराई समूहको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिने छ ।

राजु थापा
अध्यक्ष

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहको कार्यकारी समितिका पदाधिकारी वा सदस्यहरुले समूहको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन अन्तर्गत बनेको नियमायली वा समूहको विधान विपरित कुनै काम कारबाही गरेको भनी समूहको वा अरु कसैको उजूरी परेमा त्यस्ता पदाधिकारीलाई र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा २५ प्रतिशत थप जरिवाना बमोजिम हुने छ ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायीक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्न समूहलाई निरन्तरता प्रदान गरेकोमा सो समूहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा गाउँपालिकाले निर्णय गरी समूहको दर्ता खारेज र सामुदायीक नदी वा ताल फिर्ता लिन सक्ने छ ।

(६) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहका पदाधिकारीहरुले समूहको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम कारबाही गरेमा निजहरुलाई यस ऐन बमोजिम सजाय गर्न बाधा पु-याएको मानिने छैन।

३१. सामुदायिक नदी तथा ताल पुनः सुम्पन सकिने : दफा २१ को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायीक नदी, नाला, ताल तथा तलैया दफा ४२ बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकाले साविककै समूहलाई पुनः सुम्पन सक्ने छ ।

३२. विधान विपरित काम गर्नेलाई दण्ड जरिवाना : (१) सामुदायीक नदी वा तालमा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्ने छ ।

(२) समूहको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त समूहको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुने छ ।

३३. जलीय जैविक विविधता, सामुदायीक नदी वा ताल संरक्षणको लागि खर्च गर्नु पर्नेः समूहले विधान बमोजिम आर्जन गरेको आयबाट कम्तीमा पैंतीस प्रतिशत रकम सामुदायीक नदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्ने छ र बाँकी रकम समूहको हितको लागि विकास एवं जीविकोपार्जन सम्बन्धी कार्यमा खर्च गर्न सक्ने छ ।

३४. सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्ने : साधार सभाको निर्णय बमोजिम समूहले गाउँपालिकाको पूर्व अनुमति लिई विधानको अधिनमा रही जलचर र जलीय जैविक विविधता मैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम सामुदायीक नदी वा तालमा सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद-४
## कसुर तथा जरिवाना

३५. कसुर : कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिने छ :-

(क) कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोट पदार्थ, विषालु पदार्थको प्रयोग गर्ने, घन ठोक्नु तथा बहाव परिवर्तन ।

राजु थापा
अध्यक्ष

(ख) गाउँपालिका भित्रका खोला किनारमा माछा र जलचर समात्ने अभिप्रायले जालको आँखाको साइज दुई दशमलव पाँच सेन्टिमिटर (पचीस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) ठूलो प्वाल को जाल, माहाजाल, र करेण्ट जाल जस्ता जाल प्रयोग गर्ने गरेमा,

(ग) कसैले पनि जलचर समात्न वा मार्चका लागि जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) को जाल, माहाजाल, करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्ने गरेमा,

(ङ) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा रहेको मत्स्य भन्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुनेमा वा भत्काएमा,

(च) तोकिएका जातिका जलचरहरुलाई गाउँपालिकाको इजाजतपत्र बेगर कुनै पनि व्यक्तिले जानी जानी समात्न, मार्न तथा चोट पु-याउने कार्य गरेमा,

(छ) गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित सूचना बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात्न, मार्न तथा चोट पु-्याउन नपाउने गरी जारी गरेको सूचनाको उल्लंघन गरेमा,

(ज) दफा ५ बमोजिम बाँध सञ्चालन गर्ने निकायले नदी वा तालको न्यूनतम प्रवाहको पन्ध देखि पच्चीस प्रतिशत न्यूनतम वातावरणी बहाव कायम गरेमा, कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी (लिचेट) वा ढल नदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गरेमा,

(झ) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, भिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सीमसारमा छाडेमा वा निष्कासन गरेमा,

(ट) गाउँपालिकाले तोकेको संरक्षीत जलीय स्तनधारी जीव, घसने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पू-्याएमा वा क्षति पु-्याएमा,

३६ जरिवाना : १) दफा ३५ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पहिलो पटक भए सात हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा बीस हजार रुपैयाँ र तेस्रो वा सोभन्दा बढीपटक सोही कसूर गरेमा प्रत्यक पटकको लागि तीस हजार रुपैयाँका दरले जरिवाना गर्ने छ ।

(२) दफा ३५ को खण्ड (ख), (ग), (घ) र (च) बमोजिमको कसूर गर्नेलाई एक हजार रुपैया देखि पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्यक पटकको लागि पन्ध्र हजार रुपैयाँ जरिवाना गर्ने छ ।

(३) दफा ३५ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने छ ।

(४) दफा ३५ को खण्ड (छ) र बमोजिमको कसूर गर्नेलाई पहिलो पटक भए एक हजार देखि तीन हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा तीन हजार रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटकगरेमा प्रत्येक पटकको लागि नौ हजार रुपैयाँदेखि पन्ध हजार रुपैयाँसम्म जरिवाना गर्ने छ ।

राजु थापा
अध्यक्ष

(५) दफा ३५ को खण्ड (ज) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक एक लाख, दोश्रो पटक तीन लाख, तेश्रो पटक नौ लाख र चौथो पटक समेत सो कसुर गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।

(६) दफा ३५ को खण्ड (झ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक एक हजार, दोश्रो पटक दुई हजार, तेश्रो पटक चार हजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा गरेमा प्रत्यक पटकको लागि आठ हजार रुपैयाँका दरले जरिवाना हुने छ ।

(७) दफा ३५ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक दुई हजार, दोश्रो पटक तीन हजार, तेश्रो पटक पाँच हजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्यक पटकको लागि दश हजार रुपैयाँका दरले जरिवाना गर्ने छ ।

(८) दफा ३४५ को खण्ड (ट) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक पाँच हजार, दोश्रो पटक दश हजार, तेश्रो पटक बीस हजार र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्यक पटकको लागि पचीस हजार रुपैयाँका दरले जरिवाना गर्ने छ ।

३७ पुरस्कार दिने : (१) यस ऐन विपरित कसूर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिवानाको पैंतीस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ ।

३८. अनुसन्धान अधिकृत तोक्ने : यस ऐन बमोजिम सजाय हुने कसूरको अनुसन्धान गर्न गाउँपालिकाले कुनै अधिकृतस्तरको कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्ने छ ।

३९. कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी : (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार स्थानीय गाउँपालिकालाई हुने छ ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुट्टा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्ने छ ।

४०. प्रचलित कानून बमोजिम सजाय हुने : यस ऐन अर्न्तगत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुट्टा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पु-याएको मानिने छैन ।

४१. पुनरावेदन दिन सकिने : दफा २९ बमोजिम गाउँपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा ३५ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुभने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्ने छ ।

४२. जलचर र तत्सम्बन्धी औजार, माल वस्तु कब्जा गर्न सक्ने : (१) कुनै माछा वा अन्य जलचर सम्वन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो माछा र अन्य जलचर र कसूरसँग सम्बन्धित औजार वा हतियारलाई गाउँपालिकाका कर्मचारी वा प्रहरीले कब्जा गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको औजार, माल वस्तुको विवरण खोली कसूरसँग सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिई त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडो वडा कार्यालय वा गाउँपालिका कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्ने छ ।

राजु थापा
अध्यक्ष

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको औजार, हतियार, माल वस्तु, इत्यादि न्यायीक समितिको आदेश उपर पुनरावेदन गरेमा पुनरावेदनको म्याद सकिए पछि र पुरावेदन परेको अवस्थामा जिल्ला अदालतको फैसला अनुरुप नष्ट गर्नु पर्ने छ ।

## परिच्छेद ५
## विविध

४३. अधिकार प्रत्यायोजन : गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छ ।

४४. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुने छ ।

४५. नियमावली वनाउन सक्ने : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि बनाउन सक्ने छ ।

४६. बचाउ : यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन वमोजिम भएको मानिने छ ।

राजु थापा
अध्यक्ष

अनुसूची -१
(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)

सामुदायीक जलचर संरक्षण समूहको दर्ताको लागि दिइने निवेदन

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
काठेखोला गाउँ कार्यपालिकाको कार्यालय,
बिहुँ, बागलुङ ।

विषय.जलचर संरक्षण समूह दर्ता गर्ने सम्वन्धमा ।

जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७६ को व्यवस्था बमोजिम सामुदायीक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक
समूहको नामः
पदः
दस्तखतः
मितिः

राजु थापा
अध्यक्ष

अनुसूची -२
(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

समूह दर्ताको प्रमाणपत्रको नमूना

काठेखोला गाउँपालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँ, बागलुङ

दर्ता नं. :- मितिः-

समूह दर्ताको प्रमाणपत्र

श्री. ............. सामुदायिक जलचर संरक्षण समूह,
काठेखोला गाउँपालिका, वडा नं............., बागलुङ ।

काठेखोला गाउँ कार्यपालिकाको मिति.......................... को निर्णय अनुसार काठेखोला गाउँपालिका, जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०८१ को दफा १५ को उपदफा ५ ले दिएको अधिकार प्रयोग गरी .................... सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी
यो प्रमाणपत्र प्रदान गरिएको छ ।

(प्रमाण पत्र प्रत्येक आर्थिक वर्ष समास भएको ३ महिना भित्र नविकरण गर्नु पर्ने छ )

प्रमाणपत्र दिने अधिकारीको
नामः-
दर्जाः-
दस्तखतः-
मितिः-

राजु थापा
अध्यक्ष

आज्ञाले,
चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत
काठेखोला गाउँकार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ